# आर्थिक विधेयक, २०८०

## सुनापति गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८०

प्रस्तावना : सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम सुनापति गाउँसभाले यो विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सुनापति गाउँपालिकाको **आर्थिक विधेयक**, २०८०"रहेको छ ।

**२.सम्पति कर** : गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति कर लगाइने र असुल उपर गरिने छ ।

**३. भूमि कर ( मालपोत** ) : गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) कर लगाइने र असुल उपर गरिनेछ।

**४. घर बहाल कर** : गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

**५. व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. बहाल विटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (५) मा भए अनुसार हाट बजार वा पसलमा साही अनुसुचीमा भएको व्यवस्था अनुसार वहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**७. पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (६) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**८. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग शुल्क :** गाउँपालिकाले क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर र न्याफटिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (७) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**९. सेवाशुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१०. पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (९) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**११ घर नक्सा पास/घर अभिलेखीकरण दस्तुर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन/घर बनाएमा अनुसूची (१०) मा उल्लेखि दरमा घर नक्सा पास/घर अभिलेखीकरण दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

**१२. गा.पा. तथा वडा गुठी जग्गा तिरो विषयमा :** जग्गादाता लघु उद्यम व्यवसायदर्ता नविकरण वापत ५० छुट।

**१२. कर छुट** : यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई देहाय बमोजिम बाहेक कुनै किसिमको कर छुट दिइने छैन ।तर गाउँपालिका तथा अर्न्तगत कार्यलयलाई जग्गा सहयोग गर्ने दातालाइ लघुउद्यम व्यवसाय दर्तामा ५०प्रतिशत कर छुट दिइनेछ ।

(क) एक रोपनी भन्दा कमको लागि अनुसूची (२) मा उल्लेखित न्युनतम १ रोपनी देखि ५ रोपनी सम्मको लागि तोकीएको रकममा २५ प्रतिशतकम गरी लाग्नेछ ।

(ख)आ.व २०५०/०५१ भन्दा अगाडी तिर्न वाकी रहेको भुमि कर (मालपोत कर) मा अनुसूची (२) मा उल्लेखिततोकिएको रकममा २५ प्रतिशतकम गरी भुमि कर (मालपोत कर) लाग्ने छ ।

(ग) आ.व २०५१/०५२ देखि आ.व २०६२/०६३ सम्मको तिर्न वाकी रहेको भुमि कर (मालपोत कर) मा अनुसूची (२) मा उल्लेखित तोकिएको रकममा २० प्रतिशत कम गरी भुमि कर (मालपोत कर)लाग्ने छ

**१४. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची- १

## सम्पति करको वार्षिक दर

### १. सम्पत्ति कर :

| कर योग्य एकिकृत सम्पत्तिको मूल्य | करको दर (वार्षिक) |
|---|---|
| पहिलोरु. १ लाख रुपैयाँसम्म | रु. ५०।- |
| त्यसपछिको रु. १ लाखदेखि रु. ५लाख रुपैयाँसम्म | रु. १००।- |
| त्यसपछिको रु. ५ लाखदेखि रु. १० लाखसम्म | रु. २००।- |

| | |
|---|---|
| त्यसपछिका रु.१० लाखदेखि रु. २० लाख रुपैयाँसम्म | रु. ३००।- |
| त्यसपछिको रु. २० लाखदेखि रु. ३० लाख रुपैयाँसम्म | रु. ४००।- |
| त्यसपछिको रु. ३० लाखदेखि रु. ४० लाख रुपैयाँसम्म | रु. ५००।- |
| त्यसपछिको रु. ४० लाखदेखि रु. ५० लाख रुपैयाँसम्म | रु. १०००।- |
| त्यसपछिको रु. ५० लाखदेखि रु. ८० लाख रुपैयाँसम्म | रु. ५०००।- |
| त्यसपछिको रु. ८० लाखदेखि रु. १ करोड रुपैयाँसम्म | रु. १०,०००।- |
| त्यसपछिको रु. १ करोड देखि रु. ५ करोडसम्म | रु. २५,०००।- |
| त्यसपछिका रु.५ करोडदेखि माथि | रु. ४०,०००।- |

## २. घरजग्गाको मूल्याङ्कन गर्ने तरिका

१. घरजग्गामा कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको वर्गीकरण र मूल्याङ्कन देहाय बमोजिम हुनेछ :-

**(क) घरको बनोटको वर्गीकरण :**

(१) ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर र काठबाट बनेका घर ।

(२) भित्रबाहिर पाको ईटमा सिमेन्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर ।

(३) अर्द्धपक्की घर,ढुङ्गा माटोको साथै सिमेन्ट रड समेत प्रयोग गरिएका घर ।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

**(ख) घरको मूल्याङ्कन**

| **घरको बनोट** | **औषत लागत दर प्रति वर्गफुट** | **प्रतिवर्ष टुटफुट कट्टि दर प्रतिशत** | **प्रतिशत जम्मा वर्ष** |
|---|---|---|---|
| प्रकरण २ (१) (क) (१) बमोजिमको घर | रु. ४५०।- | ३.०० | २५ |
| प्रकरण २(१) (क) (२( कमोजिमको घर | रु. ५३५।- | २.०० | ३० |
| प्रकरण २(१) (क) (३) बमोजिमको घर | रु. ५७५।- | १.०० | ७० |
| प्रकरण २(१) (क) (४) बमोजिमको घर | रु. ६३५।- | ०.७५ | १०० |

(ग) काँचो ईट्टा वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।

(२) घरजग्गामा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा सोको प्रयोजनको निम्ति गठन स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मूल्यांकन गरिनेछ ।

**अनुसूची - २**

## भूमि कर (मालपोत) को दर

| **सि. नं.** | **वर्ग** | **न्युनतम १ रोपनी देखि ५रोपनी सम्मको रकम** | | **५ रोपनी देखि माथि थप प्रति रोपनीको रकम** | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १. | अब्बल | रु. ३०।- | रु. २०।- | रु. १० ।- | रु. ५।- |
| २. | दोयम | रु. २५।- | रु. १५।- | रु. ५।- | रु. ४।- |
| ३. | सिम | रु. २०।- | रु. १०।- | रु. ४।- | रु. ३।- |
| ४. | चाहार | रु. १५।- | रु. ५।- | रु. ३।- | रु. २।- |

१)आ.व २०७९/०८० मा एकृकित सम्पती कर नवुझाउने करदाताहरुलाई तोकिएको करमा १५ प्रतिशत विलम्व शुल्क लाग्ने छ ।

## जग्गा रेखाङकनको लागि राजस्व दररेट (प्रतिकित्ता)

| **सि.नं.** | **वडा नं.** | **दररेट रु** | **दर अक्षरमा** |
|---|---|---|---|
| १ | वडा नं. ३ | १,५०० | एक हजार पाँच सय मात्र |
| २ | वडा नं. २ र ४ | २,००० | दुई हजार मात्र |
| ३ | वडा नं. १ र ५ | २,५०० | दुई हजार पाँच सय मात्र |
| **४** | पालिका भन्दा बाहिर | ५०००।- | (प्रति कित्ता) |

## अनुसूची - ३

## घर बहाल करको दर

१. आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमाबहालमादिएकोमा सम्बन्धित धनीबाट बहालको रकमको बढीमा १० प्रतिशतसम्म ।

**अनुसूची - ४**

## व्यावसाय करको वार्षिक दर

**१.व्यवसाय :**

| **क.सं.** | **विवरण** | **दर्ता (रु)** | **नविकरण (रु)** |
|---|---|---|---|
| १ | होटल तथामदिराजन्य सुतीजन्य | २००० | १५०० |
| २ | किरानापसल | १५०० | १००० |
| ३ | कृषितथापशुजन्य | १५०० | १००० |

**२. विशेषज्ञ परामर्श तथाअन्य व्यवसायिक सेवा :**

| **विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा** | **वार्षिक करको दर** |
|---|---|
| क) चिकित्सक | रु. १०००।- |
| ख) कविराज | रु. १०००।- |
| ग) इन्जिनियर | रु. ५०००।- |
| घ) कानून व्यवसायी | रु. १०००।- |
| ङ) लेखा परिक्षक | रु. १०००।- |
| च) दन्त चिकित्सक | रु. १०००।- |
| छ) अनुसन्धानकर्ता तथा परामर्श दाता | रु. १०००।- |
| ज) कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | रु. १०००।- |
| ञ) सर्भेयर | रु. १०००।- |
| ट) अनुवादक | रु. १०००।- |

| | |
|---|---|
| ठ) पशु चिकित्सक | रु. १०००।- |
| ढ) सामान ढुवानीकर्ता तथा कम्पनी | रु. २०००० ।- |
| ण) संस्थागत पेन्टर | रु. ५०००।- |
| थ) निर्माण सामाग्री | रु.२०००।- |
| ध) कम्प्युटर, टेलिभिजन सेवा | रु. १०००।- |
| न) इञ्जिनियरीङ सेवा तथा परामर्श | रु २०००।- |
| न) इञ्जिनियरीङ सेवा तथा परामर्श | रु २०००।- |

**३. निर्माण व्यवसाय :**

गाउँपालिकामा प्रधानकार्यालय भएको निर्माण व्यवसाय इजाजतप्राप्त गर्न दर्ता शुल्क रु.२०,०००।- (बिस हजार रुपैयाँ मात्र) र नविकरण शुल्क रु. १०,०००।- (दस हजार रुपैयाँमात्र)

**४. उत्पादन मुलक उद्योग :**

कोरा माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा रु. ५,०००।- (दुई हजार रुपैयाा मात्र)

**५. उर्जामुलक उद्योग :**

जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक जेल, ग्याानस, वायोग्याँस नतथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा रु. ५,०००।- (पाँचहजार रुपैयामात्र)

**६. कृषि तथा वन्यजन्य उद्योग :**

मूलतः कृषि,वन पैदावरमा आधारित व्यवसायमा रु. २,५०० ।- (दुइहजार पाँच सय रुपैयाँमात्र)

**७. खनिज उद्योग :**

खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा रु. १,००,००० ।- (एक लाख रुपैयाँमात्र)

**९. सेवा उद्योग :**

छापाखाना, परामर्श सेवा जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजानिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उदोग व्यवसायमा रु. ४००।-चार सय रुपैयाँ मात्र)

**१०. निर्माण उद्योग :**

सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ वृज तथा औद्योगिक, व्यापापिरह एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा रु १०,००० ।- ( दशहजार रुपैयाँमात्र)

**११. संचार सेवा :**

क) निजी क्षेत्रका हुलाक सेवामा रु. ४००।- (चार सय रुपैयाँमात्र)

ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाइलफोन, आइएसपिड, एसटिडि, इमेल, इन्टरनेट, रेडियो पेजिङ आदिमा रु. ५०००।- (पाँचहजार रुपैयाँमात्र)

ग) कुरियर सेवा रु. ४००।- (चार सय रुपैयाँ मात्र)

**१२. वित्तीय सेवा :**

| **वित्तीय सेवा** | **सूचीदर्ता** | **करको दर (वार्षिक)** |
|---|---|---|
| क) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | रु. ३०,००० ।- | रु. २०,००० ।- |
| ख) आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | रु. २०,०००।- | रु. १५,०००।- |
| ग) वित्तीय कम्पनीको शाखा कार्यालय | रु. १५,०००।- | रु. १०,०००।- |
| घ) विमा कम्पनी | रु. १५,०००।- | रु. १२,०००।- |
| ङ) विदेशी मुद्रा सटही | रु. ५,००० ।- | रु. २,००० ।- |
| च) धितोपत्र कारोबार | रु. १,५०० ।- | रु. १,५०० ।- |
| छ) सहकारी बैंक | रु. ५,०००।- | रु. २,०००।- |
| ज) बचत ऋण तथा सहकारी संस्था | रु. ५,०००।- | रु. २,०००।- |

**१३. स्वास्थ्य सेवा :**

| **स्वास्थ्य सेवा** | **सूचीदर्ता** | **करको दर (वार्षिक)** |
|---|---|---|
| क) गैर सरकारी अस्पताल | रु. १५०००।- | रु. १००००।- |
| ख) नर्सिङ्ग होम | रु. १००००।- | रु. ५०००।- |
| ग) क्लिनिक तथा ल्याव | रु. ५००० ।- | रु. ३००० ।- |

**१४. शिक्षा सेवा :**

| **शिक्षा सेवा** | **सूचीदर्ता** | **करको दर (वार्षिक)** |
|---|---|---|
| क) निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | रु.१००००० ।- | रु.५००० ।- |
| ख) तालिम तथा अनुसन्धान केन्द्र | रु. २०००० ।- | रु. १५०० ।- |
| ग) टाईपिङ्ग, कम्प्युटर तथाभाषा प्रशिक्षण संस्था | रु. ५०००।- | रु. ३०००।- |
| घ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | रु.१००००।- | रु.५०००।- |
| ङ) गैर सरकारी संस्था | रु.१००००।- | रु.५०००।- |

**१५. मर्मत संभार सेवा :**

| **मर्मत संभार सेवा** | **दर्ता** | **करको दर (वार्षिक)** |
|---|---|---|
| क) हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर | रु.५००० ।- | रु.४००० ।- |

| | | |
|---|---|---|
| साईकल, टेम्पो मर्मत कारखाना | | |
| ख) साईकल मर्मत कारखाना | रु.५००० ।- | रु.३००० ।- |
| ग) रेडियो, टि.भी घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत समाग्री मर्मत केन्द्र | रु.१५०० ।- | रु.१००० ।- |

**१६. अन्य सेवा :**

| **सेवा** | **दर्ता** | **करको दर (वार्षिक)** |
|---|---|---|
| क) वैदेशिक रोजगार सेवा | रु.१००० ।- | रु.१००० ।- |
| ख) स्वदेशी रोजगार सेवा | रु.५०० ।- | रु.५०० ।- |
| ग) सेक्रेटरियल सेवा | रु.१००० ।- | रु.१००० ।- |
| घ) हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद विक्रि (रियल स्टेट) | रु.२५००० ।- | रु.१०००० ।- |
| ङ) व्युटी पार्लर, केश श्रृगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | रु.२००० ।- | रु.१५०० ।- |
| च) साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | रु.१५०० ।- | रु.१००० ।- |
| छ) पशु बधशाला | रु.५००० ।- | रु.२००० ।- |
| ज) मासु विक्रेता | रु. २५००।- | रु. १०००।- |
| झ) फुल विरुवा , बुद्धचित्त र रुद्राक्ष विक्रेता | रु. ५०००।- | रु. २०००।- |
| ञ) पुल हाउस | रु. ५०००।- | रु. १०००।- |
| ट) खोटो व्यवसायी | रु. १०००।- | रु. १०००।- |
| ठ) भाँडाकुँडा विक्रेता | रु. २०००।- | रु. १०००।- |
| ड) स्टिल, काठ, फर्निचर विक्रेता | रु. १००००।- | रु. ४०००।- |
| ढ) खेलौना, उपहार (गिफ्ट) विक्रेता | रु. ५००।- | रु. ५००।- |
| ण) केवुल, नेटवर्किङ्ग | रु.१०००० ।- | रु.५००० ।- |

**१७. अन्य व्यवसाय :**

| व्यवसाय | दर्ता | करको दर (वार्षिक) |
|---|---|---|
| क) पार्क, पिकनिक स्पट | रु.१०० ।- | रु.१०० ।- |
| ग) टुर अपरेटर | रु.२५०० ।- | रु.२५०० ।- |
| घ) मसाजपालैर | रु.५००० ।- | रु.१००० ।- |

## १८. अस्थायी हाट बजार वा घुम्ती पसल :

यस अनुसुचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी हाटबजार वा घुम्ती पसल राखी गरिने देहायका व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर :

१. घुम्ती -मोवाइल,पसल, खुन्चा समेतमा रु. १००।-

२. चौपायाप्रतिगोटा रु. २०।-

३. हाँस कुखुरा आदीप्रति रु. ५।-

४. साग सब्जी र फलफुलपसलरु. ५।-

५. अन्य रु. ५।-

१९. माथिको वर्गिकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी वार्षिक रु. ५००।-

## २०. कृषिजन्य तथा वस्तुहरुको निकासी दर

| सि.नं. | निकासी हुने वस्तुको विवरण | परिमाण | | दर |
|---|---|---|---|---|
| १ | फलफुलजन्य वस्तुको लागि | प्रतिकेजी | | रु ०.२०।- |
| २ | दुग्धजन्य पदार्थको लागि | प्रतिलिटर | | रु ०.१०।- |
| ३ | तरकारी जन्य पदार्थको लागि | प्रतिकेजी | | रु ०.१०।- |
| ४ | अन्य खाद्यपदार्थको लागि | प्रतिकेजी | | रु ०.२०।- |
| ५ | बुद्धचित्त | प्रतिकेजी | | रु. १००।- |
| ६ | जडिबुटि | प्रतिकेजी | | रु. २०।- |
| ७ | चौपाया | प्रतिगोटा | | रु.५०।- |
| ८ | कवाडी सामान निकासी कर | प्रति गाडि | मिनिटाटा | रु २०००।- |
| | | | ट्रक टिपर | रु५०००।- |

| | | | |
|---|---|---|---|
| ९ | मसलाजन्य | प्रतिकेजी | ५।- |
| १० | भैसी, रागो | प्रतिगोटा | १०० |
| ११ | गाई, गोरु | प्रतिगोटा | ७५ |
| ११ | बंगुर, बाखा, खसी | प्रतिगोटा | ५० |
| १२ | कुखुरा | प्रतिगोटा | १० |

## अनुसूची - ५

## बिटौरी शुल्कको दर

१. यस पालिका क्षेत्रभित्र निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजानिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफुट मासिक बहाल विरौटी साविक हिलेदेवी गा.वि.स. को साँधिडाँडा बजार, साविक वेथान गा.वि.स. को पानीघाटमा रु. पाँच र बाँकी गुन्सी, दिमीपोखरी, हिलेदेवी, वेथान, खनियापानी को कुनै पनि ठाउँमा दुई रुपैयाँ मात्र ।

**अनुसूची - ६**

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ शुल्कको दर**

| साधन | पार्किङ शुल्कको दर (एक पटक) |
|---|---|
| १. बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | रु.५०।- |
| २. कार जीप, टेम्पो मिनिबस | रु. २५।- |
| ३. स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा | रु.१०।- |

**अनुसूची - ७**

## ट्रेकिङ्ग, कोयाकिड, क्यानोइङेग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्कको वार्षिक दर

१. ट्रेकिङ्ग, कोयाकिड, क्यानोइङेग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गर्ने संस्थाबाट वार्षिक ५००।(पाँच सय रुपैयाँ) लिइनेछ ।

**अनुसूची - ८**

## स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा लाग्ने दस्तुर

| सि. नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | घर जग्गा नामसारी सिफारिश दस्तुर | रु.२०० ।- | |
| २. | मोहि लगत कट्टा सिफारिश दस्तुर | रु.२०० ।- | |
| ३. | घर कायम सिफारिश दस्तुर | रु.२०० ।- | |
| ४. | छात्रवृत्ति सिफारिश दस्तुर | निःशुल्क | |
| ५. | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिश दस्तुर | रु.१५० ।- | |
| ६. | अपांग सिफारिश दस्तुर | निःशुल्क | |
| ७. | अस्थायी बसोबास सिफारिश दस्तुर | रु.२०० ।- | |
| ८. | स्थायी बसोबास सिफारिश दस्तुर | रु.२०० ।- | |
| ९. | नागरिकता र प्रतिलिपी सिफारिश दस्तुर | रु.२०० ।- र रु. ४००।- | |
| १०. | अंगिकृत नागरिकता सिफारिश दस्तुर | रु.५०० ।- | |
| ११. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित दस्तुर | निःशुल्क | |
| १२. | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित दस्तुर | रु.१००० ।- | |
| १३. | विद्युत जडान सिफारिश दस्तुर | रु.२०० ।- | |
| १४. | धारा जडान सिफारिश दस्तुर | रु.२०० ।- | |
| १५. | जिवित रहेको सिफारिश दस्तुर | रु.२०० ।- | |
| १६. | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिश/फरक जन्ममिति संशोधन सिफारिश दस्तुर | रु.२०० ।- | |
| १७ | जग्गा मूल्यांकन सिफारिश र प्रमाणित दस्तुर | रु.५०० ।- | |
| १८. | व्यवसाय वन्द सिफारिश दस्तुर | रु.१००० ।- | |
| १९. | व्यवसाय संचालन नभएको सिफारिश दस्तुर | रु.१००० ।- | |
| २०. | व्यापार व्यवसाय नभएको सिफारिश दस्तुर | रु.१००० ।- | |

| | | | |
|---|---|---|---|
| २१. | कोट फी मिनाहा सिफारिश दस्तुर | निःशुल्क | |
| २२. | नावालक परिचयपत्र सिफाशि दस्तुर | रु.२०० ।- | |
| २३. | चौपाया सम्बन्धी सिफारिश दस्तुर | रु.२०० ।- | |
| २४. | उद्योग,व्यवसाय, फर्म, समुह दर्ता सिफारिश दस्तुर | रु.५०० ।- | |
| २५. | उद्योग ठाउँसारी सिफारिश दस्तुर | रु.३००० ।- | |
| २६. | विद्यालय ठाउँसारी सिफारिश दस्तुर | रु.१००० ।- | |
| २७. | आन्तरिक बसाइँसराई सिफारिश दस्तुर | रु. २०० ।- | |
| २८. | व्यक्तिगत विवरण सिफारिश दस्तुर | रु.२०० ।- | |
| २९. | जग्गादर्ता सिफारिश दस्तुर | रु.२०० ।- | |
| ३०. | संरक्षक सिफारिश (व्यक्तिगत) दस्तुर | रु.२०० ।- | |
| ३१. | संरक्षक सिफारिश (संस्थागत) दस्तुर | रु.२०० ।- | |
| ३२. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश दस्तुर | निःशुल्क | |
| ३३. | जीवितसँगको नाता प्रमाणित दस्तुर | रु.२०० ।- | |
| ३४. | जीवितसँगको नाता प्रमाणित दस्तुर(English मा ) | रु. ५०० | |
| ३४. | मृतकसँगको नाता प्रमाणित दस्तुर | रु. २०० ।- | |
| ३५. | कोठा खोल्ने कार्य/रोहवर बस्ने कार्य दस्तुर | रु.३०० ।- | |
| ३६. | निःशुल्क वा सःशुल्क स्वास्थय उपचार सिफारिश दस्तुर | निःशुल्क | |
| ३७. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य दस्तुर | निःशुल्क | |
| ३८. | संस्था दर्ता/ सिफारिश दस्तुर<br>क. संघ, समुह, समिति, संस्था नयाँ दर्ता दस्तुर<br>ख संघ, समुह, समिति, संस्था नविकरण /सिफारिस दस्तुर | <br>रु.१००० ।-<br><br>रु ५००।- | |
| ३९. | घरबाटो प्रमाणित दस्तुर | रु.२०० ।- | |
| ४०. | चार किल्ला प्रमाणित दस्तुर | रु.२०० ।- | |
| ४१. | जन्ममिति प्रमाणित दस्तुर | रु.१०० ।- | |
| ४२. | विवाह प्रमाणित दस्तुर | रु.२०० ।- | |
| ४३. | कागज मन्जुरीनामा प्रमाणित दस्तुर | रु.२०० ।- | |
| ४४. | हकवाला वा हकदार प्रमाणित दस्तुर | रु.१०० ।- | |
| ४५. | अविवाहित प्रमाणित दस्तुर | रु.२०० ।- | |
| ४६. | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर दस्तुर | निःशुल्क | |

| | | | |
|---|---|---|---|
| ४७. | जग्गा धनीपूर्जा हराएको सिफारिश दस्तुर | रु.२०० ।- | |
| ४८. | पूर्जामा घर कायम गर्ने सिफारिश दस्तुर | रु.२०० ।- | |
| ४९. | अंग्रेजी सिफारिश | प्रति पेज रु. ५००।- | |
| ५०. | मिलापत्र कागज/उजुरी दर्ता दस्तुर | रु.२०० ।- | |
| ५१. | जन्म दर्ता दस्तुर | रु.१०० ।- | |
| ५२. | मृत्यु दर्ता दस्तुर | रु.१०० ।- | |
| ५३. | बसाइँसराई आउने । | रु.१०० ।- | |
| ५४. | पक्का घरको सर्जमिन दस्तुर | रु.५०० ।- | |
| ५५. | अन्य सबै प्रयोजनको सर्जमिन वापत दस्तुर | रु.५०० ।- | |
| ५६. | अचल सम्पत्ति मूल्यांकन दस्तुर/आयश्रोत प्रमाणित | ०.१५प्रतिशत | |
| ५७. | रकम कलम उठाई दिए वापत दस्तुर | ५ प्रतिशत | |
| ५८. | सम्बन्ध विच्छेद दर्ता दस्तुर | रु.२०० ।- | |
| ५९. | विवाह दर्ता दस्तुर | रु.१०० ।- | |
| ६०. | नयाँ व्यवसाय दर्ता दस्तुर<br>क.कारोवार पुँजि पाँच लाख सम्मको लागि<br>ख कारोवार पुँजि पाँचलाख भन्दा माथिको लागि | <br>रु.१००० ।-<br>रु २००० ।- | माथि उल्लेखित भन्दा अन्य कुनै भएमा |
| ६१. | बसाइँसराइजाने दर्ता दस्तुर | रु १०,००० | |
| ६१. | उल्लेखित बाहेक अन्य सिफारिश दस्तुर | सिफारिश रु.२०० ।-<br>प्रमाणित रु.३०० ।- | |
| ६२. | विद्यालय संचालन स्वीकृत तथा<br>कक्षा वृद्धि सिफारिश दस्तुर | रु.१०,००० ।-<br>रु. ३,००० ।- | |
| ६३. | कृषक समूह दर्ता दस्तुर | रु.५०० ।- | |
| ६४. | कृषक समूह नवीकरण दस्तुर | रु.३०० ।- | |
| ६५. | साना सिंचाई निवेदन दस्तुर | रु.१०० ।- | |
| ६६. | प्लाष्टिक पोखरी निवेदन दस्तुर | रु.१०० ।- | |
| ६७. | व्यवसाय नवीकरण शुल्क दस्तुर | रु.५०० ।- | |
| ६८ | खानेपानी मुहान तथा सिंचाई मुहान सिफारिस दस्तुर | रु. ५,०००। | |
| ६९ | खानेपानी मुहान तथा सिंचाई मुहान दर्ता दस्तुर | रु १०,०००। | |
| ७० | गाउँपालिका तथा वडा कार्यालयको हल भाडा दस्तुर | रु २,०००।- | प्रतिदिन |
| ७१. | प्रमाणपत्र प्रतिलिपि कक्षा ८ | रु. २५०। | |
| ७२. | पशु सेवा शुल्क ठूलो (गाई भैंसी) | रु. ५०। | |
| ७३. | पशु सेवा शुल्क सानो (भेडाबाखा, सुंगुरबंगुर) | रु. २०। | |

**(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ ।**

(क)बार्षिक सदस्य बनाई बिक्री गर्नु पर्दा : सुनापति गाउँपालिकाबाट बुझिलिने गरी सदस्यता शुल्क सहित बार्षिक रु. २५०/(दुई सय पचास मात्र)

(ख) खुद्रा बिक्री गर्नुपर्दा :सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले सुनापति गाँउपालिकाको राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.२५मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.५०मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१०० मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२० मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.३० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ३० पैसाका दरले थप शुल्क लिइनेछ ।

**अनुसूची- १०**

**घर नक्सा पास तथा घर अभिलेखीकरण राजश्व दररेट**

| सि.नं. | वडा नं. | प्रति वर्गफिट | दर अक्षरमा |
|---|---|---|---|
| १ | सबै वडामा RCC(पक्की) घरको लागि मात्र | रु. ५। | पाँच रुपैयामात्र । |
| २ | सबै वडामा भूकम्प लाभग्राही RCC(पक्की) घरको लागि | रु. ७५० | साँत रुपैयाँ पचास पैसा मात्र । |
| | सबै वडामा अन्य घरको लागि | १०००(एकमुष्ट) | एक हजार रुपैंयामात्र (एकमुष्ट) |

# सुनापति गाउँपालिकाको विनियोजन विधेयक २०८०

**सुनापति गाउँपालकिाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभामा पेश गरेको मितिः २०८०।०३।१०

**प्रस्तावनाः** सुनापति गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम सुनापति गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस विधेयकको नाम " सुनापति गाउँपालिकाका विनियोजन विधेयक, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०८०।८१ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०८०।८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु५४,७८,५५०००। (अक्षेरुपी चौवन्न करोड अठहत्तर लाख पचपन्न हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| आय | | | समष्टिगत व्यय | | |
|---|---|---|---|---|---|
| सिं नं | शिर्षक | रकम | सिं नं | | रकम |
| १ | संघीय समानीकरण अनुदान | १०,७९,००,०००.०० | १ | चालु तर्फ | ३४,१२,५०,०००.०० |
| २ | संघीय शशर्त अनुदान चालु | २०,८६,००,०००.०० | २ | पुँजीगत तर्फ | १७,७८,०५,०००.०० |
| ३ | संघीय शशर्त अनुदान पुजिगत | १,२५,००,०००.०० | ३ | वित्तिय व्यवस्था तर्फ | २,८८,००,०००.०० |
| ४ | संघीय विशेष अनुदान | ८०,००,०००.०० | | जम्मा | ५४,७८,५५,०००.०० |
| ५ | संघीय समपुरक अनुदान | ५०,००,०००.०० | | | |
| ६ | प्रदेश समानीकरण अनुदान | १,१०,७८,०००.०० | | | |
| ७ | प्रदेश शशर्त अनुदान चालु | २,०४,५०,०००.०० | | | |
| ८ | प्रदेश शशर्त अनुदान पुजिगत | ४५,००,०००.०० | | | |
| ९ | प्रदेश विशेष अनुदान | १,००,००,०००.०० | | | |
| १० | प्रदेश समपुरक अनुदान | १,७५,००,०००.०० | | | |
| ११ | संघीय राजस्व बाँडफाँड | ७,००,००,०००.०० | | | |
| १२ | प्रदेश राजस्व बाँडफाँड | २,०३,००,०००.०० | | | |
| १४ | आन्तरीक श्रोत | ५,२०,२७,०००.०० | | | |
| १५ | कुल जम्मा | ५४,७८,५५,०००.०० | | | |